सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

प.सं. : ०७८।०७९
च.नं. २२२

मिति: २०७८।०५।१५

श्री वडा कार्यालय (सबै)
सूर्यविनायक नगरपालिका

**विषय : विलम्ब शुल्क छुट सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको कोभिड –१९ को महामारीका कारण विभिन्न जिल्लाहरुमा निषेधाज्ञा जारी भएसँगै व्यक्तिगत घटनाहरुको दर्ता कार्य तोकिएको मितिमा सेवा प्रवाह गर्ने कार्यालय बन्द हुँदा नियमित सुचारु हुन नसकेको व्यहोरा सर्वविदितै छ । उक्त विषम परिस्थितिमा काबु बाहिरको स्थिति पैदा भई घटनादर्ता गर्न विलम्ब हुन गएमा सो अवधिको विलम्ब शुल्क छुट दिने सम्बन्धमा २०७८।०५।०३ को राष्ट्रिय परिचयपत्र प.स. ०७८।०७९ च.न. ३८१ को निर्णय अनुसार गर्नुहुन अनुरोध छ ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

फोन नं.: ०१-६६१२१९३
website : www.suryabinayakmun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८१

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

मिति २०७८।०५।०३

विषय : विलम्ब शुल्क छुट सम्बन्धमा।

श्री महानगरपालिका
श्री उपमहानगरपालिका
श्री नगरपालिका
श्री गाउँ पालिका / कार्यपालिकाको कार्यालय, सबै।

उपर्युक्त विषयमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीका कारण विभिन्न जिल्लाहरुमा निषेधाज्ञा जारी भएसँगै व्यक्तिगत घटनाहरुको दर्ता कार्य तोकिएको मितिमा सेवा प्रवाह गर्ने कार्यालय बन्द हुँदा नियमित सुचारु हुन नसकेको व्यहोरा सर्वविदितै छ। उक्त विषम परिस्थितिमा काबु बाहिरको स्थिति पैदा भई घटनादर्ता गर्न विलम्ब हुन गएमा सो अवधिको विलम्ब शुल्क छुट दिने सम्बन्धमा मिति २०७८।४।१९ को मन्त्रिपरिषद्को बैठकबाट भएको निर्णयानुसार गर्नुहुन अनुरोध छ। साथै मन्त्रिपरिषद्को उक्त निर्णय यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

(बिनीता भट्टराई)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार

गृह मन्त्रालय

बिषयः व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क छुट दिने सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति: २०७८।०४।१४

१. विषयको संक्षिप्त व्यहोराः

हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीले नेपाललाई समेत असर गरेको र यसको संक्रमण न्यूनीकरण गर्नको लागि विभिन्न जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीहरूबाट आदेश जारी भई आवागमनमा निषेध गरेको अवस्था छ । जसका कारण व्यक्तिगत घटनाहरूको दर्ता कार्यमा अवरोध सिर्जना भई दर्ता गर्न विलम्ब भएमा सो अवधिको विलम्ब शुल्क लिने प्रयोजनार्थ गणना नगर्ने व्यवस्थाको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३१९०, मिति २०७८/०३/०८ को पत्रबाट अनुरोध भई आएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराहरूः

क) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८ को उपदफा (१) र (२)मा "व्यक्तिगत घटना दर्ता गराउनको लागि सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो घटना नेपालभित्र घटेको भए घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फारम भरी स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा र नेपालबाहिर घटेको भए सम्बन्धित नियोगमा वा नेपाल आएपछि पैंतीस दिनभित्र स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा सुचना दिनुपर्नेछ" भन्ने व्यवस्था छ । ऐ. नियमावली, २०७७ को नियम १७ मा "ऐनको दफा १८ को उपदफा (१) र (२) मा उल्लिखित अवधि समाप्त भएपछि व्यक्तिगत घटना दर्ता गर्न आएमा अनुसूची-३ बमोजिमको विलम्ब शुल्क लाग्नेछ।"भनी व्यवस्था गरिएको छ भने अनुसूची-३ मा व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क नेपालमा रु.२००।- र नेपाली नियोगमा २५ अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा तोकिएको छ। कोभिड-१९ को सङ्क्रमण न्युनीकरणगर्नका लागि विभिन्न जिल्लाहरुमा प्रमुख जिल्ला अधिकारीबाट आदेश जारी भई आवागमन निषेध भएको अवस्थामा आवागमन निषेध गरेको अवधिको विलम्ब शुल्क लिने प्रयोजनार्थ गणना नगर्ने व्यवस्था गर्न वाञ्छनीय हुन्छ ।

ख) प्रस्तुत विषय आर्थिक दायित्वसँग समेत सम्वन्धित विषय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नका लागि माननीय अर्थमन्त्रीस्तरबाट निर्णय भई अर्थ मन्त्रालयको च.नं. ७२०, मिति २०७८/०३/२२ को पत्रबाट सहमती प्राप्त भएको छ ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

प्रमुख जिल्ला अधिकारीबाट आदेश भई आवागमन निषेध गरिएको कारणबाट व्यक्तिगत घटना दर्ता गर्न कठिनाई परेको हुँदा आवागमन गर्न निषेध गरेको अवधिभर भएका व्यक्तिगत घटना दर्ता गर्दा लाग्ने विलम्ब शुल्क उक्त अवधिको गणना नगरी छुट दिन आवश्यक भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को सैद्धान्तिक स्वीकृति प्राप्त गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न माननीय गृहमन्त्री ज्यूबाट मिति २०७८/०४/१४ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार, कार्यसम्पादन नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोराः

कोभिड-१९ को अवधिमा स्थानीय प्रशासनबाट जारी भएको निषेध आदेशको अवधि मिति २०७८ बैशाख १६ देखि निषेध आदेश अवधिभर सम्मको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १७ को उपनियम (२) बमोजिम लाग्ने विलम्ब शुल्क छुट दिने ।

मिति २०७८।०४।१७

महेश्वर न्यौपाने

सचिव

श्री सचिव,
गृह मन्त्रालय।

व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क छुट दिने विषयको गृह मन्त्रालयको दर्ता नं. ८/२६-०७८/४/१९ को प्रस्ताव म.प.बै.सं. ३२/०७८ मिति २०७८/४/१९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २० बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७८/४/१९